कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/०३/१५


**भाग-२**

**कालिका गाउँपालिका**

## वागमती प्रदेश सरकारले स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०७८ बमोजिमको सूचना प्रकाशन गरेको

आन्तरिक मामिला तथा कानून मन्त्रालय,वागमती प्रदेश सरकारले मिति २०७८/१२/२४ गते प्रकाशित (खण्ड ५)हेटौंडा,नेपाल,चैत २४ गते,२०७८ साल(अतिरिक्ताङ्क २८) भाग १ संवत् २०७८ सालको अध्यादेश नं.२ बमोजिम स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेशको दफा ६मा दरबन्दी कायम गरिने व्यवस्था र सोही दफाको उपदफा १ मा उल्लेख भए अनुसार यो अध्यादेश प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट खुला प्रतियोगिताबाट स्थानीय तहको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगिताबाट पदपूर्तिको लागि विज्ञापन भई प्रक्रियामा रहेको पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तह कायम गरिदिनेछ भन्ने व्यवस्था रहेको छ।

सो सम्बन्धमा यस कालिका गाउँकार्यपालिकाको मितिः२०७८/१२/२५ गतेको १४८ औं बैठकले राजपत्रमा उल्लिखित मितिबाट माथि उल्लिखित छैटौं तहका अधिकृत कर्मचारीहरुलाई सातौं तहमा दरवन्दी कायम गरिदिने भनी निर्णय भएको छ।कालिका गाउँपालिकाको मितिः२०७९/०२/०३ गतेको निर्णयअनुसार कानुनमा अन्य व्यवस्था गरेमा सोही अनुसार अन्यथा छैटौं तहमा नियुक्ती भएको मितिदेखि ज्येष्ठता कायम हुनेगरी सातौं तहमा तह मिलान गर्ने निर्णय भएको सूचना प्रकाशित गरिएको छ।

सो बमोजिम तपसिलमा उल्लिखित कर्मचारीहरुको तहमिलान गरी सूचना प्रकाशन गरिएको छ।

| नामः | कर्मचारी संकेत नः | साविक तहः | हाल कायम भएको तह | कैफियत |
|---|---|---|---|---|
| गोपी पराजुली | २३६९४१ | लेखाअधिकृत(छैटौं) | लेखा अधिकृत(सातौं) | |
| बलराम कोइराला | २२८८०४ | इन्जिनियर (अधिकृत छैटौं) | इन्जिनियर(सातौं) | |
| कुमारी सरिता जोशी | २२४४८३ | शिक्षा अधिकृत | विद्यालय निरिक्षक | |
| सुभाष पौडेल | २०२५१२ | अधिकृत छैटौं | शाखा अधिकृत(सातौं) | |

आज्ञाले,
शितल बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत